CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 13, No. 2
April 1986

# खश राज्य, जुम्ला, वफाङ्ग र कुमाउंका केही अभिलेख

सूर्यमणि अधिकारी

त्रिभुवन विश्वविद्यालय, नेपाल र एशियाली अनुसन्धान केन्द्रको तत्त्वावधानमा संचालित नेपालको राष्ट्रिय इतिहास अनुसन्धान परियोजना अन्तर्गत पश्चिम नेपालका विभिन्न जिल्लाहरूको अध्ययन भ्रमणका अवसरमा प्राप्त खश राज्य, जुम्ला, वफाङ्ग र कुमाउंका केही अभिलेखलाई संक्षिप्त परिचय र व्याख्या सहित यहां प्रस्तुत गरिएको छ ।

## संख्या १

### पृथ्वीमल्लको शाके १२७१ को ताम्रपत्र

यो ताम्रपत्र वाजुरा सिंगाडाका मोतिराम जैसीका घरमा सुरक्षित छ। यसको पाठ योगी श्री नरहरिनाथजी र उहांका शिष्य श्री वद्रीनाथ योगी र श्री पद्मनाथ योगीका सौजन्यवाट प्राप्त भएको हो। यस अभिलेखको पुछारमा देब्रेपट्टि शंख, चन्द्र, सूर्य, खड्ग आदि निशाना र पृथ्वीमल्लको छाप "मल्ल प्रिथ्वी" अंकित छन्।

#### अभिलेखको पाठ

१. ओं स्वस्ति।। श्रीमतिसँज्जाभिधानवरनगरे गरुडध्वजावतारा (पा)
२. रसंसारसागरोत्तार सेतुभूतापघन श्रीघनाराधनाधिगत प्राज्य
३. राज्यरक्षाक्षम प्रचंड निजभुजदंड चंडिम समाक्रांत विराटपी
४. ठाधिष्ठित प्रतिष्ठितेष्ट देवता परिचर्या परायण राजवलि नारा
५. यण गार्ग्यायण गौतमादि प्रणीत राजनीतिशास्त्र प्रवीणप्रष्ठ अ
६. पार...राजजगज्ज्येष्ठ अदीक्षितराजदीक्षाशिक्षागुरु राजतारा
७. तरणि प्रभृति विरुदावली विराजमान परमभट्टारकमहारा
८. जाधिराज परमेश्वर श्रीमन्पृथ्वीमल्लदेवपादाः सांतः पुराः
९. सपरिवाराः सर्व्वत्र विजयिनः।। श्री शाके १२७१ कार्त्तिक वहुल
१०. एकादश्यां । गुरुवासरे।। राइको आदेस
११. अकुल्लिका अधिकारि कार्कि प्र

१२. ति आ १ सुद्रडभाट। आ-।। कर्दउँनको दाँमु जोइसि आ १ सेठिको उम्राका अ
१३. धालाको तियालो आसधालि आलो पु-याइ शौभाक्र (कर) आ १ हिरुभाट। राक्षुमा
१४. ठ् एकत्र आ ३।। दोहोलि सर्व्वकर अकर् करि सुह(द्र)ड भाट । दाँ
१५. मु जोइसि.शौभाक्र. हिरुभाट राक्षुभाट पसाकरि अक-या क्षुं
१६. मुडालि पैटालि. मोड् अपुतालि कोहि लैन नपाव । यो भाषा पृ
१७. थ्वीमल्लकि शाखा पसाकरि अक्न । सिंघाडिंकि शाखा चेलिको
१८. चेलो भुच अत्र साक्षिण: सुर्याचिंद्रमसौ, वुद्ध धर्म संघा: र
१९. त्न वद्य राउला: अक्षांमि राउला जुगराज राउला ।

व्याख्या

बाह्रौं शताब्दीको प्रारंभतिर खश राजा नागराजले जुम्ला जिल्लामा पर्ने सिन्जा उपत्यकालाई राजधानी बनाई पश्चिम नेपालमा खश अधिराज्यको स्थापना गरेका थिए। नागराजका उत्तराधिकारीहरूमा क्राचल्ल, अशोकचल्ल, जितारिमल्ल, आदित्यमल्ल, पुण्यमल्ल, पृथ्वीमल्ल आदिले खश राज्यको गौरवलाई अझ बढाएका थिए।[१] उत्कर्षका दिनहरूमा खश राज्यमा संपूर्ण पश्चिम नेपाल, दक्षिण-पश्चिमी तिव्वत, कुमाउं र गढवाल समेत समावेश थिए।[२] पृथ्वीमल्ल पनि खश राज्यका प्रतापी राजाहरूमध्ये एक थिए। उनी नागराजका दशौं उत्तराधिकारी थिए। प्रस्तुत ताम्रपत्र आदेश यिनै पृथ्वीमल्लले जारी गरेको देखिन्छ।

यस अभिलेखमा खश राज्यका ग्रीष्मकालीन राजधानी सिन्जा र शीतकालीन राजधानी विराटपीठ (दुल्लु) को पनि उल्लेख छ। एउटा विकसित नगरको रूपमा सिन्जाको उल्लेख गरिएको छ भने परम पावन धार्मिक स्थलको रूपमा दुल्लुको महत्त्व दर्शाइएको छ। दुल्लु वरपर शिरस्थान, नाभिस्थान र पादुकास्थान नामका तीन ज्वालाक्षेत्र तथा धुलेश्वर र डुंगेश्वर गरी पांचवटा धार्मिक स्थल भएकोले दुल्लुलाई विराटपीठ पनि भनिन्थ्यो ।

पृथ्वीमल्ल वौद्ध धर्मका ठूला उपासक भए तापनि हिन्दू धर्म प्रति पनि उनी उत्तिकै श्रद्धा राख्दथे भन्ने कुरा यस अभिलेखबाट ज्ञात हुन्छ। यसमा एकातिर उनले आफूलाई "श्रीधनाराधनाधिगतप्राज्यराज्यरक्षादाम" (वुद्धको आराधना गर्नाले विशाल राज्यको रक्षागर्न समर्थ भएका) भनेका र दानपत्रका साक्षीका रूपमा वौद्ध त्रैत (वुद्ध, धर्म र संघ) लाई राखेका छन् भने यसका साथै आफूलाई गरुडध्वजावतार (विष्णुका अवतार) भनेका; गार्ग्यायण, गौतम आदि हिन्दू ऋषिमुनिद्वारा प्रणीत नीतिशास्त्र वमोजिम शासन संचालन गर्ने आफ्नो प्रतिवद्धता व्यक्त गरेका; परमभट्टारक महाराजाधिराज परमेश्वर भन्ने स्वतन्त्र हिन्दू राजाले लिने गरेको विरूद धारण गरेका र हिन्दू ब्राम्हणलाई भूमिदान दिएर सम्मान पनि प्रकट गरेका छन्। यसबाट पृथ्वीमल्लको पालामा खश राजदरवारमा हिन्दू र वौद्ध धर्ममा कुनै भेदभाव गरिदैनथ्यो भन्ने देखिन्छ ।

यस ताम्रपत्रमा अधिकारी, कार्की, भाट, जोइसी र राउला जस्ता पद र पदाधिकारी-हरूको पनि उल्लेख आएको छ। त्यसबखत अधिकारी र कार्की न्यायिक तथा प्रशासनिक पद थिए। राजाका प्रशस्ति गायक ब्राह्मणहरूलाई भाट भनिन्थ्यो। ज्योतिषीबाट अपभ्रंश भएर जोइसी र कालान्तरमा जैसी बन्न गएको हो। पृथ्वीमल्लको यस ताम्रपत्रबाट जोइसी ब्राह्मणलाई पनि कुनै कर नलाग्ने गरी बिर्ता जग्गा दिई सम्मान गरेको देखिएकोले त्यसबखत उपाध्याय र जैसी ब्राह्मणमा कुनै भेदभाव गरिदैनथ्यो भन्ने प्रष्ट हुन्छ। राउला भन्ने पद-चाहीं राजपुत्रको पर्यायवाची भएको बुभिन्छ।

पृथ्वीमल्लले १३३८ ई. देखि १३५८ ई. सम्म कम्तिमा पनि बीस वर्ष राज्य चलाएका प्रमाण प्राप्त भएका छन्।[3] प्रस्तुत ताम्रपत्र आदेश पृथ्वीमल्लद्वारा त्यसै अवधि भित्र अर्थात् शाके १२७१ (१३४९ ई.) मा जारी गरिएको थियो।

संख्या २

जयसिंहको दुल्लु वालभैरव मन्दिर नेरको शिलालेख

दुल्लुमा वालभैरवको मन्दिर नजीकै एक शिलास्तम्भमा यो अभिलेख अंकित छ। यस अभिलेखमा भएको संवत्को एकस्थानी अंक अस्पष्ट छ र यो अंक ६ हो कि जस्तो देखिन्छ।

अभिलेखको पाठ

ओं मणि पद्मे (हुं)

एतत्पुण्यफलाज्जीयात्पृथ्वीमल्लनृपश्चिरम् ।
जयसिंघेन षाडात्तर्यंभिनिर्मापिता शिला।।
श्री शा. १२७ (६) ।।

व्याख्या

दुल्लुमा जयेश्वर भर्गको देवलको दक्षिणाभिमुख ढोकाका दायाँतिर पेटीमा यिनै जय-सिंहले शाके १२७७ मा स्थापना गराएको अर्को एउटा शिलालेख योगी नरहरिनाथद्वारा पहिले प्रकाशित भइसकेको छ।[4] यस प्रमाणबाट पनि यहाँ प्रस्तुत शिलालेख शाके १२७० देखि १२७६ बीचको हुनुपर्छ भन्ने देखिन्छ। जयसिंहले कुनै धार्मिक कार्य सम्पन्न गरेको उपलक्षमा यो शिला-लेख स्थापना गराई त्यस कार्यको पुण्यले गर्दा गद्दीनसीन राजा पृथ्वीमल्ल चिरंजीवी रहून् भन्ने कामना व्यक्त गरेका छन्। यसबाट जयसिंह पृथ्वीमल्लको कृपा प्राप्त गरी भारदार वा

अमात्य जस्तो कुनै महत्वपूर्ण पदमा आसीन रहेको बुझिन्छ। अनुस्वार परको 'ह' को स्थानमा 'घ' को वैकल्पिक उच्चारण गर्ने चलन प्राचीन कालदेखि नै चलेर आएको हो।[५] यस्तै, यस अभिलेखमा पनि जयसिंहलाई जयसिंघ भनी लेखिएको छ।

## संख्या ३

## जुम्लाका राजा वलिराजको शाके १३२२ को ताम्रपत्र

यो ताम्रपत्र मुगु काले गाउँका श्री श्रीराम देवकोटाका घरमा प्राप्त भएको हो। यसको पाठ योगी श्री नरहरिनाथजी र उहाँका शिष्य श्री वद्रीनाथ योगी र श्री पद्मनाथ योगीका सौजन्यबाट यहाँ प्रकाशित गरिएको छ।

### अभिलेखको पाठ

१. औं स्वस्ति।। उत्पत्ति आदिभूता तद्युकुल संतानो भूपतिनांमि
२. वङ्स तस्यपि वङ्स वृद्धि जनित सुत पौत्रा क्षात्रृयवीरसूर
३. जातो उत्तीमराज जगवरि विक्षातो तस्यपुत्र स क्षात भूयोश
४. द्ध वैराटपुर नृपते श्री वलीराज नृप। तैन वलिराजेन पु
५. ण्यार्थेन तिलकुस सहित भुमिदानं संकल्पितं। चातुर्वेदश्च घ
६. र्मिष्ठगुनविद्या विसेणत। सद्रपदुधराज विप्रेन धार्य।।
७. श्रीशाके १३२२ फाल्गुन मासे सुक्लपक्षो दिनगत ३ नक्षत्र ७ तिथी
८. १२ वार ५ जुमला स्थाने सुवर्नहारनाम नगरे लिषितं पंडी
९. त वल्लालेन सुभमस्तु।। आलि २ छत्तिस कर अकर्। सर्व
१०. दोष निर्दोष।। घरासको आलो माभ षेतको आलो गोठिपालि
११. को वन।

### व्याख्या

खश राज्यको विघटनपछि वलिराजले जुम्लामा कल्यालवंशको शासन स्थापना गरे। यस ताम्रपत्रमा उनलाई क्षत्रिय कुलोत्पन्न शूरवीर उत्तमराजका छोरा थिए भनिएको छ। उनले खश राज्यको राजधानी सिन्जाको सट्टा जुम्लाको सुनारगाउँलाई राजधानी बनाए। यस

अभिलेखमा सुवर्नहार नामको नगर भनेर यही सुनारगाउँलाई भनिएको देखिन्छ। सुनारगाउँ जुम्ला उपत्यकामा तातोपानी नजीकै पर्दछ। पछि उनका उत्तराधिकारीहरूले जुम्ला राज्यको राजधानी सुनारगाउँबाट छिनासिममा सारे ।

खश राज्यको विघटनका साथै कर्णाली प्रदेशमा बौद्ध धर्मको प्रभाव पनि द्रुततर गतिले क्षीण भयो। यस ताम्रपत्रमा बौद्ध धर्म र तत्सम्बन्धी प्रतीकहरूको उल्लेखसम्म गरिएको छैन तर चारै वेद र ब्राह्मणप्रति सम्मान प्रकट गरेर वलिराजले हिन्दू धर्ममा आफ्नो प्रबल आस्था व्यक्त गरेका छन्।

यस ताम्रपत्र अनुसार राजा वलिराजले मुगु कालै गाउँका एकजना ब्राह्मणलाई शाके १३२२ (१४०० ई.) मा कुशविर्ता दिएको देखिन्छ। यस अभिलेखमा उल्लिखित भूमिदान दिएका स्थानहरूमा घरासको आलो (खेत) र गोठीपालोको वन कालै नजीकै गिलाहामा र माफखेत कालैमा नै पर्दछन्।

## संख्या ४

### बफाङ्का सुमतिवर्माको शाके १३४३ को ताम्रपत्र

यो ताम्रपत्र बाजुराका राजा श्री गजेन्द्रवहादुर शाहका कोटघरमा प्राप्त भएको हो। यस अभिलेखको पुछारमा देब्रेपट्टि शंख र खड्ग निशाना अंकित छन्।

### अभिलेखको पाठ

१. ओं स्वस्ति।। ।। श्री गणेशाय नमः।। श्रीमति स्वस्तिक नद्यावर्त रूचक द्विशाल त्रिशाल चतुः शाल सु
२. धाधवल सौधोत्संगगीत कामिनीकलकलाकुलितकलश द्रुवमनोहरेत्।। श्री राजराजा
३. धिनाथ। परमभट्टारक। परमवैष्णव। श्री पश्चिमाभिधाने रिपु मल्लस्य राज्ये। श्री
४. प्रिथ्वीनाथस्य विजय राज्ये। श्री रिपुमल्लश्चसपरिवारश्चिरं जयतु।। श्री जावेश्वर रा
५. जाधिराज। परमभट्टारक। र जिनचरणाराधन कुसलस्य। शक्तिवर्मणा। समेर
६. वर्मणा। सुमतिवर्मणा तस्य विजय राज्ये वर्जाग्यानाम दुर्गस्य। सान्तपुर सपरिवार
७. श्चिरं जयतु।। श्री शाके १३४३ मासे १० तिथौ. वाशरे ६ श्री राजराजेश्वर सुमतिवर्म रज्
८. वालै काटै गांवका आला २ पातलिका अधाला सहित् नवाकोटको आलो डेढ् नाद्रिस
९. द्दिदस स्याउद्या (स्या) विसौनिका अधाड उधो। तिले कुशै संकल्प करि दोहोलिदत्त कि सु

१०. मतिवर्म पशा कियो। सुमेसर उपाध्याले पायो। सुमति वर्मको चेलाइको चेलो दे
११. सुमेश्र उपाध्याको चेलाइको चेलो मुंच। सर्वकर अकर। सर्वदोष विशुद्ध। चोरि। जा
१२. रि। मुडालि पैटालि। नाठ पैठ। आकासको ढिडो। पातालकि निधु। एति दोष
विशुद्ध:।।
१३. अत्र साक्षि।। सूर्यचंद्र। भूमंडलका साक्षि। अमात्या अमैराजु थापा आ
१४. दिवं राउला। नरूथापा। सोहदु थापा। गाजिवं थापा। देउवं थापा। चंद्र
१५. वं थापा। पिथु रोकाया। केसु राउतु। साहू षँडगाहा। यो ताम्रपत्रको ग
१६. डो जो घाल घलाव तस्कि एकै सै पुरूषा महारोरव नर्क पडु। जो यो माष,
१७. प्रतिपाल सो पुण्य पाइय। स्वदत्तां परदत्तं वा। ये हरं ति वसुंधरा। ष
१८. ष्ठी वर्ष सहस्राणि। वृष्ठायां जायते कृमि। शुभं।। ।।
१९. लिषित शाक्षि जसु देवंश।

व्याख्या

खश राज्यको जमानामा डोटीका पालहरू स्थानीय सामन्तका रूपमा थिए। खश राज्यको विघटनपछि कर्नाली प्रदेशमा अस्तित्वमा आएका राज्यहरूमा डोटी र जुम्ला प्रमुख र अरूभन्दा विशेष शक्तिशाली हुन गए। अहिलेसम्म प्राप्त प्रमाण अनुसार निरयपाल डोटी राज्यका प्रथम प्रामाणिक राजाका रूपमा देखा परेका छन्। उनले स्वतन्त्र राजाका हैसियतले जारी गरेका शाके १२७४ र शाके १२८४ का दुई ताम्रपत्र आदेशहरू प्राप्त भएका छन्।[६] यसको लगभग २५ वर्षपछि उनका छोरा नागमल्ल पुन: डोटीका स्वतन्त्र राजाका हैसियतमा देखा पर्दछन्। उनको शाके १३०९ को अभिलेख प्राप्त भएको छ।[७] प्रस्तुत ताम्रपत्रमा उल्लिखित रिपुमल्ल यिनै नागमल्लका छोरा थिए। बफाङ्गी राजाले जारी गरेको यस ताम्रपत्रमा डोटेली राजा रिपुमल्लको सम्मानपूर्वक उल्लेख गर्नु पर्ने स्थिति परेको देखिंदा त्यसवखत बफाङ्ग डोटी राज्यको अधीनमा रहेछ र स्थानीय शासन चलाउने अधिकार मात्र बफाङ्गी राजालाई प्राप्त भएको रहेछ भन्ने देखिन्छ।

यस ताम्रपत्र आदेशमा शक्तिवर्म, समैरवर्म र सुमतिवर्म बफाङ्गका सहशासकको हैसियतमा देखा परेका छन्। तर ताम्रपत्र अनुसारको भूमि भने सुमतिवर्म एक्लैले प्रदान गरेको देखिन्छ। किनभने अभिलेखको नवौं र दशौं पंक्तिमा 'सुमतिवर्म पशा कियो' (सुमतिवर्मले प्रदान गर्नु भयो) भन्ने स्पष्ट गरिएको छ।

यस ताम्रपत्रमा एउटै राजालाई परम भट्टारक। परमवैष्णव भनिएकोले शैव र वैष्णव मतमा विशेष भेद गरिदैनथ्यो भन्ने कुरा स्पष्ट भएको छ। 'पृथ्वीनाथस्य विजयराज्ये' भन्ने उल्लेख भएकोले त्यसबखत कर्नाली प्रदेशतिर नाथ सम्प्रदायको निकै प्रभाव थियो भन्ने कुरा

बुझिन्छ। यस अभिलेखमा आएका थापा, खड्गा, रोकाया, राउत आदि प्रारंभमा दर्जाका नाम थिए, कालान्तरमा थरमा परिणत भएका हुन्।

संख्या ५

कुमाउँका राजा भारतीचन्दकी रानी कुवेरमालाको शाके १३६६ को ताम्रपत्र

यो ताम्रपत्र जुम्ला खत्याड दरा सुनाढिकका श्री वीरसिंहका घरमा पाइएको हो। बसाइँ सर्ने क्रममा वीरसिंहका कुनै पूर्वजले यस ताम्रपत्रलाई कुमाउँवाट जुम्लातिर लिएर आएको बुझिन्छ। यसको पाठ योगी श्री नरहरिनाथजी र उहांका शिष्य श्री पद्मनाथ योगीका सौजन्यवाट प्राप्त भएको हो।

अभिलेखको पाठ

१. ओं स्वस्ति श्री शाके १३६६ माघमासे मकर संक्रांति दिने आदित्य
२. वासरे राजाधिराज श्री भारतीचंद्र विजय राज्यै राणी श्री
३. पट्टमहादेवी कुवेरमालाले संकल्पपूर्वक करि भूमि पशाकरि भा
४. उशर्म कठाले पाइ मडलक भागल पाउका मंशा ५ पाया हुनु पांच
५. मशाल गति घर कुडि वण छोडि गाड घट्ट लेक इजर नाठ नठ्यालि गढि
६. लि पैटिलि आकासको ढिडो णताल कि निधि उइडो डोडो सर्वकर
७. अकर सर्व द्वष विशुद्ध करि पाइ राणी श्री कुवेरमालाकि संततिले भु
८. चावृणि भाउशर्मकि संततिले भुचाणि अन्यथा नास्ति।। पत्र साक्षी शि
९. गारचंद विष्णुदासपाडे अनेकु उत्तिमराज सालिवाहन मौणिनाथ वो
१०. हरो जशु भंडारि गुजु राउत विशु पाडे शिउराज विष्ट थलु विष्ट हरि
११. गणाविष्ट रिठुवडा गिगमिरा भडारि जैत् वोहरो गौल भडारी भिण सैटि
१२. भिउर् वाग सुर्जमंवाल भिउराजकेकडिया चार् थान् पंद्रविस वाइ २२
१३. राहस।। स्वदत्तां व (प) रदत्तां वा यो हरेच्च वसुंधरा षष्टिवर्ष सहस्राणि विष्ठायां
१४. जायते कृमि।। लिषित .........पाडे तेन षलुयाहुं कठारितं।। शुभमस्तु।।

व्याख्या

सिन्जाली खश नरेश क्राचल्लदेवले १२२३ ई. मा कुमाउँमा आक्रमण गरी अधिकार गरेका थिए। उनका छोरा अशोकचल्लले कुमाउँभन्दा अफ पश्चिमको गढवाल पनि विजय

गरे।[९] यसरी १२२३ ई. मा पश्चिम नेपालको खश राज्यको अधीनमा आएपछिको कुमाउं राज्यको पुन: स्वतन्त्र अस्तित्व देखिने पहिलो प्रमाण त्यहाँका राजा गरूड ज्ञानचन्दको १३६७ अथवा १३७१ ई. को राईगाउंको स्तम्भलेख हो।[१०] यतिखेर सिन्जामा सूर्यमल्ल राजा थिए र खश राज्य विघटन हुँदै थियो।[११] यसप्रकार, खश राज्यको अधीनताबाट कुमाउंलाई स्वतन्त्र तुल्याउने गरूड ज्ञानचन्द नै रहेछन् कि भन्ने देखिन्छ।

प्रस्तुत ताम्रपत्रमा उल्लेख भएका राजा भारतीचन्द यिनै गरूड ज्ञानचन्दका छैटौं उत्तराधिकारी थिए।[१२] भारतीचन्द र उनका छोरा रतनचन्दले डोटीमा आक्रमण गरी १२ वर्षसम्म युद्ध गरेर डोटीलाई पराजित गरी कर तिर्न बाध्य तुल्याएका थिए भन्ने चर्चा एट्किन्सनले गरेका छन्।[१३] यो ताम्रपत्र भारतीचन्दकी पट्टराज्ञी कुवेरमालाले शाके १३९९ (१४७७ ई.) को मकर संक्रान्तिका दिन भाउशर्मा नामक ब्राह्मणलाई भूमिदान दिंदा जारी गरिएको हो।

यस दानपत्र र तात्कालिक पश्चिम नेपालका दानपत्रका लेखनशैली, भाषा, र तिनमा उल्लेख आएका जातिय थरहरू मिल्दाजुल्दा देखिन्छन्। यसबाट कुमाउं र पश्चिम नेपाल बीच प्राचीनकालदेखि नै विद्यमान भाषा, जाति र सांस्कृतिक समानता दृष्टिगोचर हुन्छ। कुमाउंको चन्द राजपरिवारलाई रजपुत क्षत्रिय माने तापनि यस ताम्रपत्रमा दृष्टसाक्षीका रूपमा रहेका विभिन्न भारदारहरूमा खश जातिका वोहरा, भंडारी, राउत, वुडा, सैटी आदि छन्। यसका साथै पाडे, विष्ट आदि थर भएका मानिसहरूको पनि प्रस्तुत अभिलेखमा उल्लेख आएको छ। पाडे, विष्ट आदि कुमाउंबाट नै नेपालमा प्रवेश गरेका मानिन्छन् र यिनीहरूलाई अहिलेसम्म पनि नेपालमा "कुमाई" भनिन्छ।

<u>पाद टिप्पणी</u>

१. योगी नरहरिनाथ (सं.), <u>इतिहास प्रकाश</u>, भाग २, अंक १ (काठमाडौं: इतिहास प्रकाशक संघ, २०१३ वि.सं.), पृ.५६-६१ ।

२. सूर्यमणि अधिकारी, <u>द खश किंगडम अफ वेष्टर्न नेपाल</u> (त्रि.वि., मा.सा.अ.सं. काठमाडौंमा १९८२ ई. मा प्रस्तुत गरिएको अप्रकाशित पिएच.डी. शोध ग्रन्थ), पृ. ३२-३५ ।

३. योगी नरहरिनाथ, <u>पूर्ववत्</u>, पृ. ४५-७० ।

४. <u>ऐजन</u>, पृ. १९० ।

५. ऐजन, पृ. १६१ ।

६-७. रमेशजंग थापा (सं.) प्राचीन नेपाल, संयुक्ताङ्क ३०-३६ (काठमाडौं: श्री ५ को सरकार, पुरातत्त्व विभाग, २०३१-३४ वि.सं.), पृ. १२३ ।

देवकान्त पन्त (सं.), डोटेली लोकसाहित्य (काठमाडौं: त्रि.वि., ने.ए.अ.सं., २०३२ वि.सं.), पृ. ८६-८७ ।

८. इ.टि. एट्किन्सन, कुमाउं हिल्स् (दिल्ली: कस्मो पब्लिकेशन, १९७४ ई.), पृ. ५१६-१८ ।

९. ऐजन, पृ. ५११-१२ ।

१०. कान्तिप्रसाद नौटियाल, दि आर्कियोलजी अफ कुमाउं (वाराणासी: चौखम्वा संस्कृत सेरीज अफिस, १९६९ ई.), पृ. ७३-७४ ।

११. सूर्यमणि अधिकारी, पूर्ववत्, पृ. ६०-६२ ।

१२. इ.टि. एट्किन्सन, पूर्ववत्, पृ. ५२३, ५२७-२६ ।

१३. ऐजन, पृ. ५२६-३० ।